
**पीताम्बर शर्मा र भीमप्रसाद सुवेदी । सन् २०२५ । *नेपाल्स सोसल डेमोग्राफी रिभिजिटेड* । काठमाडौँ : सोसल साइन्स बहाः ।**




भूगोलविद्द्वय पीताम्बर शर्मा र भीमप्रसाद सुवेदीद्वारा लिखित पुस्तक *नेपाल्स सोसल डेमोग्राफी रिभिजिटेड* सोसल साइन्स बहाःले सन् २०२५ मा प्रकाशित गरेको हो । नेपालको जनसङ्ख्याबारे लेखिएको यो पुस्तकले सन् १९५२/५४ देखि सन् २०२१ सम्मका राष्ट्रिय जनगणनाले सङ्कलन गरेका तथ्याङ्क प्रस्तुत गरेको छ । प्रशस्त तालिका र मानचित्र प्रयोग गरी तथ्याङ्कलाई सरल ढङ्गले प्रस्तुत गरिएकाले पाठकले जनसङ्ख्याका आयामहरू सजिलै बुझ्न सक्छन् । दश अध्यायमा विभाजित पुस्तकको पहिलो अध्यायले यो पुस्तक लेखिनुको सन्दर्भ खुलाउँछ । यसमा लेखकद्वयले नयाँ संविधानपछि नेपाल सङ्घीय गणतन्त्र बनेको एवम् समानुपातिक समावेशी सहभागिताको सिद्धान्त अपनाएको हुनाले अपेक्षा गरेका परिवर्तनबारे योजना

बनाउने, कार्यान्वयनको रणनीति बनाउने र मूल्याङ्कन गर्ने एउटा महत्त्वपूर्ण माध्यम जनगणना हो भन्ने सन्देश दिएका छन् । जनगणनाको पृष्ठभूमि, तथ्याङ्क सङ्कलन, सुपरिवेक्षण र अनुगमन विधिबारे भने लेखकद्वयले केही बताएका छैनन् । तीबारे पनि छोटकरीमा केही उल्लेख गरेको भए फलदायी नै हुने थियो ।

पुस्तकको दोस्रोदेखि पाँचौँ अध्यायसम्म जनसङ्ख्यासँग प्रत्यक्ष सरोकार राख्ने प्रमुख पाटाहरूबारे चर्चा गरिएको छ । दोस्रो अध्यायमा सन् १९५२/५४ देखि सन् २०२१ सम्मका जनगणनाको तथ्याङ्क केलाउँदै राष्ट्रिय जनसङ्ख्यामा आएको परिवर्तनबारे लेखाजोखा गरिएको छ । जस्तै, वार्षिक जनसङ्ख्या वृद्धि दर, लैङ्गिक अनुपात, घरधुरीको आकार, उमेर समूह, भौगोलिक क्षेत्र (हिमाल, पहाड, तराई) र सहरी जनसङ्ख्यामा आएका परिवर्तन आदि । त्यसै गरी, नयाँ संविधानपछि बनेका सात प्रदेशको जनसङ्ख्या र तिनमा सन् २०११ र सन् २०२१ को जनगणनाको बीचमा आएको वृद्धि पनि केलाइएको छ । सन् २०२१ को जनगणना नयाँ संविधान लागू भए पछिको पहिलो जनगणना हो । त्यसैले यस अघिका जनगणनामा प्रदेशअनुसार तथ्याङ्क विश्लेषण हुने कुरै भएन । तर लेखकद्वयलाई सबै जनगणनाको मूल डेटाबेसमा पहुँच थियो भनेर मान्ने हो भने कम्तीमा सन् १९९१ देखि यताको तथ्याङ्कलाई प्रदेशको आधारमा विश्लेषण गरेको भए अझ प्रभावकारी हुने थियो । यद्यपि, तीन नदीको जलाधार क्षेत्र (कोशी, गण्डकी र कर्णाली) को आधारमा सन् १९९१ देखि सन् २०२१ सम्मको जनसङ्ख्या र यसको वृद्धि दर विश्लेषण गरिएको छ, जुन यो अध्यायको उल्लेखनीय पक्ष हो । मूलतः यो अध्यायमा लेखकद्वयले देशको जनसङ्ख्याको घट्दो वृद्धि दर र बदलिँदो उमेर संरचना (काम गर्ने उमेर समूह, १५ देखि ६४ वर्ष, को बढ्दो क्रम) तथा हिमाल-पहाडबाट तराई र भित्री तराईमा तथा ग्रामीण भेगबाट सहरी भेगमा भएको जनसङ्ख्या स्थानान्तरणलाई प्रकाश पारेका छन् ।

लेखकहरूले जनसङ्ख्या वृद्धि दरमा आएको गिरावटलाई तेस्रो अध्यायमा समेटेका छन् । चार ओटै भौगोलिक क्षेत्रमा सन् १९९१ देखि जनसङ्ख्याको दशकीय वृद्धि कम हुँदै गए पनि तराई र भित्री तराईको तुलनामा हिमाल र पहाडमा यस्तो वृद्धि एकदमै कम छ । सन् २००१–२०११ को अन्तर-जनगणना दशकमा पहिलो पटक २७ जिल्लाको जनसङ्ख्या घटेको देखिन्छ । ती सबै हिमाली र पहाडी जिल्ला थिए । यस्तै, सन् २०११–२०२१ को अन्तर-जनगणना दशकमा ३४ जिल्लाको जनसङ्ख्या घटेको पाइयो । ती पनि पहिलेजस्तै सबै हिमाली र पहाडी जिल्ला थिए । रोजगारी, अध्ययन वा व्यापार गर्ने उद्देश्यले आफ्नो जन्मथलो या सँधै बसिरहने ठाउँ छोडेर ६ महिनाभन्दा बढी देशबाहिर बस्ने जनसङ्ख्यालाई अनुपस्थित जनसङ्ख्या भनिन्छ । सन् १९८१ देखि सन् २०२१ सम्मका जनगणनामा यस्तो अनुपस्थित जनसङ्ख्याको लेखाजोखा पनि यस अध्यायमा गरिएको छ । पछिल्ला वर्षहरूमा यस्तो जनसङ्ख्याको अनुपात बढ्दै गएको छ । सन्

२०२१ मा यो अनुपात पहाडमा सबभन्दा बढी छ भने प्रदेशहरूमा सुदूरपश्चिम र गण्डकीमा सबभन्दा बढी छ । त्यस्तै, गन्तव्य क्षेत्रको आधारमा भन्नुपर्दा नेपाली सबभन्दा बढी पश्चिम एशिया र त्यसपछि भारतमा जाँदा रहेछन् । आफ्नो घरपरिवारमा अनुपस्थित हुनुपर्ने कारण पनि यस अध्यायमा खुलाइएको छ, जसमा सबभन्दा बढी नोकरी वा मजदुरी देखिएको छ । देशको जनसङ्ख्यामा भएका यी परिवर्तनका प्रमुख दुई विशेषता औँल्याइएको छ : पहिलो, बसाइँसराइ र घट्दो वृद्धि दरले हिमाल-पहाडमा जनसङ्ख्या घट्नु; दोस्रो, वैदेशिक रोजगारीका लागि ठुलो हिस्सा देशबाहिर जानु ।

चौथो अध्यायले सन् १९५२/५४ देखि सन् २०२१ सम्म वृद्ध जनसङ्ख्या (६० वर्ष र सोभन्दा माथि) को विश्लेषण गरेको छ । कुल जनसङ्ख्या वृद्धि दरभन्दा वृद्ध जनसङ्ख्या वृद्धि दर करिब तीन गुणा बढी देखिन्छ । यसले भविष्यमा स्वास्थ्य सेवा र सामाजिक सुरक्षामाथि राज्यले ठुलो जिम्मेवारी बहन गर्नुपर्ने सङ्केत गर्छ । लेखकद्वयले यो तथ्यलाई देशका योजनाकार र नीति-निर्माताहरूले गम्भीर रूपमा लिनुपर्ने तर्क गरेका छन् । यहाँ वृद्ध जनसङ्ख्यालाई कलिलो उमेरको जनसङ्ख्या (१५ वर्षभन्दा मुनि) र परिपक्व जनसङ्ख्या (१५ देखि ५९ वर्षसम्म) सँग पनि तुलना गरिएको छ । सन् २०२१ सम्म आइपुग्दा वृद्धको सङ्ख्या उल्लेख्य रूपमा बढेको देखिन्छ । सन् १९९१ देखि यता निर्भरता अनुपात (जसले उत्पादक जनसङ्ख्या [१५ देखि ५९ वर्षसम्म] माथि निर्भरताको बोझलाई प्रतिबिम्बित गर्दछ) घट्दै गएको देखिन्छ । यो एक सकारात्मक सूचक हो । यसले पछिल्लो समय देशमा काम गर्ने उमेर समूहको जनसङ्ख्या वृद्धि भएको जनाउँछ । यद्यपि, यो प्रवृत्ति लामो समयसम्म नरहने जिकिर लेखकद्वयको छ । सन् १९८१ देखि सन् २०२१ सम्मको जनगणनाका आधारमा औसत आयुलाई केलाउँदै वृद्ध जनसङ्ख्याको अनुपात बढ्दै जाँदा औसत आयु पनि बढ्दै जाने गणितीय तथ्यलाई पनि यहाँ प्रकाश पारिएको छ । साथै, सन् २०२१ को जनगणनाले वृद्ध जनसङ्ख्याको अनुपात र अनुपस्थित जनसङ्ख्याको अनुपातबीच सकारात्मक सह-सम्बन्ध रहेको पनि देखाउँछ । अन्त्यमा, आर्थिक रूपमा सक्रिय हुन सक्ने जनसङ्ख्या देशबाहिर जाँदा, जमिन बाँझो भई कृषि उत्पादनमा हुने कमी, र जङ्गली जनावरबाट बालीमा हुने क्षतिले गाउँमा बस्ने वृद्ध व्यक्तिमाथि ठुलो चुनौती आइलाग्छ भन्ने तर्क लेखकहरूले अघि सारेका छन् ।

पाँचौँ अध्यायले सन् २०२१ को जनगणनाको आधारमा आन्तरिक बसाइँसराइसम्बन्धी तथ्याङ्क विश्लेषण गरेको छ । व्यक्तिको गणना भएको पालिका र जन्म भएको पालिका फरक भएमा वा जन्म नेपालबाहिर भएमा आप्रवासी मानिएको छ, बसाइँसराइको अवधि जतिसुकै भए पनि । यो अध्यायमा लेखकद्वयले एउटै जिल्लाभित्र अर्को पालिकाबाट भएको बसाइँसराइ र एक जिल्लाबाट अर्को जिल्लामा भएको बसाइँसराइलाई पनि प्रकाश पारेका छन् । आन्तरिक बसाइँसराइका कारण पनि उल्लेख गरिएका छन् । प्रमुख कारणहरूमा

विवाह हुनु, आश्रित हुनु र नोकरी रहेका छन् । यो अध्यायको अर्को विशेषता काठमाडौँ उपत्यकालाई छुट्टै एकाइ मानी आन्तरिक बसाइँसराइ विश्लेषण गर्नु हो । यस उपत्यकामा जनसङ्ख्या केन्द्रीकरण अत्यधिक भएकोले देशका नीति-निर्माता र योजनाकारहरूलाई यसको छुट्टै तथ्याङ्क निकै उपयोगी हुनसक्छ । मूलतः बढी विकसित क्षेत्र (जस्तै, बागमती प्रदेश र काठमाडौँ उपत्यका) आन्तरिक बसाइँसराइको निम्ति आकर्षक गन्तव्य बनेको पाइन्छ । कृषिको निम्ति तराईमा बसाइँ सर्ने प्रवृत्ति घट्दै गएको देखिन्छ भने गैर-कृषिको निम्ति ठुला-ठुला सहरमा बसाइँ सर्ने प्रवृत्ति बढ्दै गएको छ । लिङ्गको आधारमा हेर्दा महिलाहरू छोटो दूरी र पुरुषहरू लामो दूरीको बसाइँसराइमा गएको देखिन्छ ।

छैटौँ, सातौँ र आठौँ अध्यायमा जनसङ्ख्याको सामाजिक पक्ष समेटिएको छ । जातजाति समूहको जनसङ्ख्या केलाइएको छैँटौँ अध्यायमा १६ ठुला समूहहरूलाई सन् १९९१ देखि सन् २०२१ सम्मको जनसङ्ख्याको आधारमा श्रेणीबद्ध गरिएको छ । सन् २०११ को जनगणनामा १२५ जातजाति समूह समावेश गरिएका थिए भने सन् २०२१ मा १४२ जातजाति अभिलेखित छन् । तिनलाई जात र जाति समूह गरी दुई सामाजिक समूहमा वर्गीकरण गरी विश्लेषण गरिएको छ । सन् २००१ देखि सन् २०२१ सम्म प्रमुख पहाडी समुदायको तराईमा जनसाङ्ख्यिक उपस्थिति पनि देखाइएको छ, जुन आन्तरिक बसाइँसराइको दृष्टिले महत्त्वपूर्ण छ । साथै, यो अध्यायले सन् २००१, सन् २०११ र सन् २०२१ को जनगणनाको आधारमा काठमाडौँ उपत्यकामा नेवार समुदायको जनसङ्ख्यालाई छुट्टै चर्चा गरेको छ । पछिल्लो जनगणनाअनुसार उपत्यकाको कुल जनसङ्ख्यामा नेवार समुदायको अनुपात घटेको देखिएको छ, तर देश भरिको नेवार समुदायको जनसङ्ख्यामा यहाँको नेवार समुदायको अनुपात केही बढेको देखिएको छ । त्यस्तै, सन् २००१ र सन् २०२१ मा दलित समुदायको जनसङ्ख्याको राष्ट्रव्यापी वितरणलाई पनि अलग्गै विश्लेषण गरिएको छ । सन् २०२१ को जनगणनाको आधारमा राष्ट्रिय जनसङ्ख्यामा र प्रदेश स्तरमा भएका १५ प्रमुख जातजातिको श्रेणीगत प्रतिशत खुलाइएको छ ।

यस खण्डमा राष्ट्रिय जनसङ्ख्यामा र प्रदेश स्तरमा प्रमुख जाति र जातीय समूहहरूको अनुपस्थित जनसङ्ख्याको स्थिति पनि वर्णन गरिएको छ । विगत दुई दशकदेखि (सन् २००१ देखि सन् २०२१ सम्म) जातजातिहरूको भौगोलिक गतिशीलता समेट्नु यो अध्यायको अर्को विशेषता हो । विशेष गरी पहाडी समुदायको बसाइँसराइले तराईको जनसङ्ख्याको संरचनामा ठुलो परिवर्तन ल्याएको छ । सन् २०२१ को जनगणनाअनुसार हिमाल र पहाडका जातजातिले तराईको जनसङ्ख्याको एकतिहाईभन्दा बढी स्थान ओगटेको देखिन्छ, जबकि तराईका जातजातिहरू आफ्नो थातथलो छोडेर अन्त गएको त्यत्ति देखिँदैन ।

सातौँ अध्यायमा लेखकद्वयले भाषिक विविधताका साथै मातृभाषा, दोस्रो भाषा र पुर्ख्यौली भाषासम्बन्धी छलफल गरेका छन् । सन् २०२१ को जनगणनामा मातृभाषा नेपाली मान्नेको सङ्ख्या उल्लेख्य बढे पनि कुल जनसङ्ख्याको अनुपातमा भने केही घटेको देखिन्छ । विगतका चार जनगणना (सन् १९९१ देखि सन् २०२१ सम्म) ले प्रचलित प्रमुख पाँच मातृभाषाहरू (नेपाली, मैथिली, भोजपुरी, थारू र तामाङ) को श्रेणीगत स्थितिमा कुनै परिवर्तन नभएको देखाउँछन् । ह्योल्मो, राजवंशी, थारू, सन्थाल, शेर्पा, तामाङ, जिरेल र लिम्बू समुदायमा आफ्नै मातृभाषा बोल्ने प्रवृत्ति अत्यधिक बलियो छ । दोस्रो भाषा छैन भन्नेहरूको अनुपात सन् २०११ को तुलनामा सन् २०२१ मा निकै घटेको छ भने नेपालीलाई दोस्रो भाषा मान्नेको अनुपात उल्लेख्य बढेको छ । अन्य भाषालाई दोस्रो भाषा मान्नेको अनुपात निकै कम छ । तर यो तथ्याङ्कलाई भौगोलिक क्षेत्र र प्रदेशको आधारमा केलाइएको छैन । केलाएको भए कुन क्षेत्र र प्रदेशमा कुन भाषाको प्रचलन पहिलो र दोस्रो भाषाको रूपमा कति छ भनेर बुझ्न सकिन्थ्यो । यसले विशेष गरी शिक्षाविद्‌हरूलाई विभिन्न क्षेत्र र प्रदेशहरूमा विद्यालय तहमा माध्यम भाषा पहिचान गर्न सजिलो हुने थियो ।

सन् २०२१ को जनगणनाले पहिलो पटक पुर्ख्यौली भाषासम्बन्धी तथ्याङ्क सङ्कलन गरेर यसलाई अहिलेको मातृभाषासँग तुलना गरेको छ । आफ्नो पुर्ख्यौली भाषा नभए पनि हाल मातृभाषाको रूपमा नेपाली बोल्नेको सङ्ख्या निकै बढी छ । त्यसै गरी, पुर्ख्यौली भाषा नभए पनि हाल मैथिली र भोजपुरी भाषालाई मातृभाषा मान्नेको सङ्ख्या पनि उल्लेख्य छ । अर्कोतर्फ, मगर ढुट, नेवारी, बैतडेली, अछामी र खसजस्ता भाषा पुर्ख्यौली भाषा भए पनि हाल यी भाषा नबोल्नेको सङ्ख्या पनि निकै बढी छ । मुख्यतया पहाडका (जन)जातिहरूले आफ्नो पुर्ख्यौली भाषा गुमाएको देखिन्छ ।

आठौँ अध्यायले सन् १९९१ देखि सन् २०२१ सम्म धार्मिक समूहको जनसङ्ख्याको विश्लेषण गरेको छ । साथै, अन्तर-जनगणना वृद्धिको तुलना पनि गरिएको छ, जहाँ ईस्लाम, ईसाई र किराँत धर्मावलम्बीको वृद्धि राष्ट्रिय औसतभन्दा बढी देखिन्छ । भूगोलको आधारमा भन्नुपर्दा ईस्लाम तराईमा फैलिएको देखिन्छ भने किराँत पूर्वी पहाडमा फैलिएको पाइन्छ । ईसाई धर्मको फैलावट देशको सबै क्षेत्रमा देखिन्छ । यद्यपि, अझै पनि हिन्दु धर्म फराकिलो अन्तरसहित देशको सबैभन्दा ठुलो धार्मिक समूह रहेको देखिन्छ ।

लेखकद्वयले अध्याय नौमा साक्षरता र शैक्षिक उपलब्धिबारे चर्चा गरेका छन् । अन्य जनगणनामा जस्तै सन् २०२१ मा पनि साक्षरताको मापन प्रयोगात्मक साक्षरता परीक्षणको आधारमा गरिएको थिएन, उत्तरदाताको जवाफको आधारमा मात्र मापन गरिएको थियो । यस अध्यायमा साक्षरता दरको तुलना सन् १९५२/५४ देखि सन् २०२१ सम्मकै गरिएको छ । साक्षरता दरमा महिला र पुरुषबीच भिन्नता उल्लेखनीय भए पनि सन् २००१ देखि

क्रमशः घट्दै गएको पाइन्छ, जुन सकारात्मक सङ्केत हो । हिमाली क्षेत्र, ग्रामीण क्षेत्र, मधेश प्रदेश र सुदूरपश्चिम प्रदेशमा महिला-पुरुषबीचको फरक राष्ट्रिय औसतभन्दा बढी देखिन्छ । जिल्लागत आधारमा हेर्दा लुम्बिनी, गण्डकी र कोशी प्रदेशअन्तर्गतका र काठमाडौँ उपत्यकाअन्तर्गतका जिल्लामा साक्षरता दर निकै माथि देखिन्छ । अर्कोतर्फ, कर्णाली, सुदूरपश्चिम, बागमती र मधेश प्रदेशअन्तर्गतका केही जिल्लामा यसको स्थिति दयनीय छ । जातजाति समूहको आधारमा हेर्दा पहाडी जात समूह, पहाडी आदिवासी समूह र पहाडी दलित समूहमा साक्षरता सन्तोषजनक देखिन्छ, जबकि तराई दलितको स्थिति सबैभन्दा कमजोर छ । शैक्षिक स्तरको उपलब्धिमा पनि देशले ठुलै फड्को मारेको देखिन्छ । सन् १९९१ देखि सन् २०२१ सम्मको स्थिति केलाउँदा माध्यमिक तहभन्दा उपल्लो शैक्षिक स्तरमा ठुलो वृद्धि भएको पाइन्छ, महिला र पुरुष दुवैमा । कलेज स्तरको उपलब्धिमा पहाडी क्षेत्र र बागमती प्रदेश अगाडि देखिन्छ । साथसाथै, सबै शैक्षिक स्तरमा महिला-पुरुषको भिन्नता उल्लेख्य रूपमा कम हुनु अर्को सकारात्मक पाटो हो । यसले देशभर शिक्षामा लैङ्गिक असमानता घटेको र सिप विकास एवम् ज्ञानको पहुँच विस्तार भएको पुष्टि गर्छ ।

दशौँ अध्यायमा लेखकद्वयले आफ्ना निष्कर्ष समेटेका छन् । हिमाली र पहाडी जिल्लामा जनसङ्ख्या वृद्धि दर घट्नुलाई ती जिल्लाबाट तराईमा भएको बसाइँसराइको प्रक्रियासँग जोडेका छन् । अबका दिनमा तराईमा जनसङ्ख्या अझ बढ्ने प्रक्षेपण गरिएको छ । पहाडबाट तराईमा हुने बसाइँसराइले (अझ त्यसमा पनि पहाडी ग्रामीण क्षेत्रबाट तराईका सहरी क्षेत्रमा हुने बढ्दो बसाइँसराइले) प्रत्येक साल पहाडमा खाद्यान्न उत्पादन घट्ने र आयात बढ्ने स्थिति देखाएको छ, जसले देशकै खाद्य सुरक्षालाई खतरामा पार्ने लेखकहरूले औँल्याएका छन् । यो प्रक्रियाले अन्ततः सहरीकरण बढाउने भएकोले आउँदा दिनमा योजनाबद्ध र व्यवस्थित सहरीकरणले प्राथमिकता पाउनुपर्ने निष्कर्ष उनीहरूको छ । यसका साथै पहाडबाट तराईमा हुने बढ्दो बसाइँसराइले तराईमा बसोबास गर्ने पहाडी जात समूह र पहाडी जनजाति समूहको अनुपातलाई उल्लेखनीय रूपमा वृद्धि गरिदिएको छ । साक्षरताको सन्दर्भमा तराईका दलित र तराईका महिलामा कम साक्षरता भएकाले अबका दिनमा राज्यले यो क्षेत्रमा विशेष रणनीति अपनाउनुपर्ने तर्क लेखकद्वयले राखेका छन् । साथै, क्षमता र सिप नबढाएसम्म साक्षरता र शैक्षिक उपलब्धिले मात्र केही नहुने दाबी पनि तिनले गरेका छन् ।

पुस्तकमा केही सुधार गर्न सकिने ठाउँहरू पनि छन् । तथ्याङ्कलाई भौगोलिक क्षेत्रको आधारमा विश्लेषण गर्दा कहीँ हिमाल, पहाड र तराईमा वर्गीकरण गरेको पाइन्छ भने कहीँ हिमाल, पहाड, भित्री तराई र तराईमा वर्गीकरण गरेको पाइन्छ । अन्तर-जनगणना तुलना गर्दा कहीँ सन् १९५२/५४ देखि सन् २०२१ सम्म समेटिएको छ भने कहीँ सन्

१९९१ देखि सन् २०२१ मात्र समेटिएको छ । यसमा एकरूपता कायम गरिएको भए उत्तम हुने थियो । लेखकद्वयले तथ्याङ्क समायोजन गरेर कम्तीमा सन् १९९१ देखि यताको तथ्याङ्कलाई प्रदेशको आधारमा विश्लेषण गरेको भए अझ सह्राहनीय हुने थियो । सन् २०११ को जनगणनाबाट साक्षरता दर ५ वर्ष र सोभन्दा माथिको उमेरको आधारमा निर्धारण गरिएको र त्योभन्दा पहिलाको जनगणनामा ६ वर्ष र सोभन्दा माथिको उमेरको आधारमा निर्धारण गरिएको हुँदा सन् २०११ र सन् २०२१ का जनगणनाले देखाएको साक्षरता दर पहिलाका जनगणनाले देखाएको साक्षरता दरसँग सिधै तुलनायोग्य हुँदैन । तसर्थ, पहिलाका जनगणनाहरूको साक्षरता दरलाई गणितीय रूपमा समायोजन गरेर अन्तर-जनगणना तुलना गरेको भए पाठकहरू लाभान्वित हुने थिए ।

साक्षरता र शैक्षिक उपलब्धिलाई मातृभाषा वा घरमा प्रायः बोलिने भाषाको आधारमा विश्लेषण गरिएको छैन, जबकि यस्तो विश्लेषण निकै महत्त्वपूर्ण मानिन्छ । धेरैजसो विद्यालयमा माध्यम भाषा नेपाली हुने भएकोले नेपाली भाषा बोलिने र नबोलिने घरका विद्यार्थीहरूलाई छुट्ट्याएर विश्लेषण गरिएको भए वस्तुस्थिति अझ प्रस्ट हुने थियो । ७५३ ओटै पालिकाको प्रमुख तथ्याङ्क अनुसूचीमा दिएको भए पाठकलाई पालिका स्तरको तथ्याङ्क लिन अर्को स्रोत खोज्न भौँतारिन पर्दैनथ्यो । पुस्तकको आवरण डिजाइन आकर्षक छैन । साथै, केही मुद्रणजन्य त्रुटि पनि पाइएका छन् । जस्तै, पृष्ठ २२ को तालिका १२ मा तराईमा सन् १९९१ देखि सन् २००१ सम्मको जनसङ्ख्याको दशकीय वृद्धि २९.८ प्रतिशत हुने पर्नेमा ९.८ प्रतिशत भएको छ । त्यसै गरी, पृष्ठ ३३ को तालिका १४ मा सन् २०२१ मा विदेशमा भई जनगणनामा अनुपस्थित हुनेहरूको सङ्ख्या २,१९०,५९२ हुनुपर्नेमा अन्यथा भएको छ ।

गहन र धेरै विषयहरू छोए पनि आधारभूत तहको सङ्ख्यात्मक विश्लेषण मात्र भएकोले यो पुस्तकले तथ्याङ्कशास्त्र वा समाजशास्त्रका गम्भीर पाठकहरूको अपेक्षा पूरा नगर्न सक्छ । विभिन्न चलहरूबीच अन्तर्निहित सम्बन्ध विश्लेषण नगरिएको हुँदा गम्भीर व्याख्याको अभाव देखिन्छ । जस्तै, साक्षरता र मातृभाषाबीच सम्बन्ध, बालबालिकाको शैक्षिक उपलब्धि र घरमूलीको अनुपस्थितिबीच सम्बन्ध, बालबालिकाको शैक्षिक उपलब्धि र अभिभावकको साक्षरताबीच सम्बन्ध, घरधुरीको आकार र घरमूलीको शैक्षिक उपलब्धिबीच सम्बन्ध, घट्दो जनसङ्ख्या वृद्धि र वयस्क व्यक्तिको अनुपस्थितिबीच सम्बन्ध इत्यादि । तसर्थ, यो पुस्तक एक सामान्य मोनोग्राफभन्दा माथि उठ्न सकेको छैन । यद्यपि, यस्ता विश्लेषण भविष्यमा अन्य विज्ञहरूले गरी पुस्तक, अनुसन्धानपत्र वा लेखको रूपमा ल्याउलान् भनी अपेक्षा राख्न सकिन्छ । यो स्तरको विश्लेषणको अभावको बाबजुद नेपालको जनजणनाको तथ्याङ्कमा रुचि राख्ने आम पाठकका लागि र यसबारे अध्ययन गर्ने अनुसन्धानकर्ता र विद्यार्थीका लागि यो पुस्तक एक उपयोगी सामग्री हो ।

समग्र देशको तथ्याङ्कलाई भौगोलिक क्षेत्र, प्रदेश, लिङ्ग, उमेर समूह, सहरी-ग्रामीण बसोबास र जातजाति समूहको आधारमा विश्लेषण गरिएकोले यो पुस्तक आउँदा दिनमा सरकार र यसका नीति-निर्मातालाई विकासका प्राथमिकता तय गर्न आधारशिला हुनेछ। जनगणनाले प्रस्तुत गरेको तथ्याङ्क संश्लेषण गर्ने काम हामीकहाँ कम हुने गरेकोले यो पुस्तकको प्रकाशन आफैमा एक असल अभ्यास हो भन्न सकिन्छ।

**पवनकुमार सेन**
हिमालय कम्प्रिहेन्सिभ रिसर्च, ललितपुर